मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा बैंकिङ कसुरका घटना बढ्दो

हेटौंडा, २७ वैशाख/मकवानपुरमा पछिल्लो सयम बैंकिङ कसुरका घटना बढ्दै गएको छ । जिल्लामा अघिल्लो वर्षहरुको तुलनामा बैंकिङ कसुरका घटना बढ्दै गएको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकमा उल्लेख छ । प्रहरीको तथ्यांक अनुसार, जिल्लामा चालु आर्थिक वर्ष २०८०/८१ को पछिल्लो ९ महिनाको अवधिमा गत आर्थिक वर्षको तुलनामा बैंकिङ कसुरका घटना बढेको पाइएको हो । चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्ममा मकवानपुरमा १ सय ३३ वटा बैंकिङ कसुर र १३ वटा ठगीसम्बन्धी मुद्दा दर्ता भएका छन् । गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा ७५ वटा बैंकिङ कसुर र ५ वटा ठगीको मुद्दा दर्ता भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार, बैंकिङ कसुर अन्तर्गत चेक अनादर, झुटा कागजपत्र पेश गरेर अथवा नक्कली कागजपत्र बनाएर बैंकबाट कर्जा लिने जस्ता थुप्रै अपराध पर्दछ ।

# बागमतीको बजेट अधिवेशन ३१ वैशाखमा आह्वान गर्न सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ बागमती प्रदेश सरकारले प्रदेशसभाको बजेट अधिवेशन ३१ वैशाखमा आह्वान गर्न सिफारिस गरेको छ ।

बिहीबार बसेको मन्त्रि परिषद् बैठकले बजेट अधिवेशन बोलाउनका लागि प्रदेशप्रमुख यादवचन्द्र शर्मासमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुखले अधिवेशन आह्वान गर्ने व्यवस्था छ । प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको तयारीमा छ ।




त्यसैले १२ वैशाखमा हिउँदे अधिवेशन अन्त्य गरेर ३१ वैशाखबाट प्रि-बजेट छलफल सुरु गर्ने तयारी रहेको मन्त्री श्रेष्ठले बताए । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटको आकार घट्ने भएको छ । राजश्वमा संकुचन आएसँगै आर्थिक वर्षको बजेटको आकार पनि घट्ने भएको हो । प्रदेश सरकारको आन्तरिक आय र संघीय सरकारबाट प्राप्त हुने अनुदानबापतको रकम समेत कटौती भएसँगै बजेटको आकार पनि घट्ने भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जानकारी दिएको छ ।

कर, दस्तुर र संघीय सरकारले दिने अनुदानसमेत कटौती भएकाले आगामी आर्थिक वर्षको बजेट पनि घट्ने निश्चित भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । विगतको तुलनामा फरक शैलीबाट बजेट ल्याउने दाबी गर्दै आएको प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बजेटको आकार घटे पनि व्यवस्थित र व्यावहारिक ढंगबाट ल्याउने जनाएको छ ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाका अनुसार प्रदेश सरकारले परम्परागत शैलीलाई तोडेर नागरिकमैत्री बजेट निर्माण गरिरहेको छ । उनले बजेटको प्राथमिकता पूर्वाधार विकास, कृषि र पर्यटन क्षेत्र रहेको बताए । मन्त्रालयले आम नागरिकको आवश्यकतालाई पूर्ति गर्न सुझाव संकलनको काम गरिरहेको मन्त्री थपलियाले जानकारी दिए ।

यसैगरी, बिहीवार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले बजेट अधिवेशन बोलाउनेसहित ८ वटा निर्णय गरेको छ । प्रदेश नीति तथा योजना आयोगको सदस्यमा दीपेन्द्र श्रेष्ठलाइ नियुक्त गर्ने निर्णय भएको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठले जानकारी दिए । मन्त्रिपरिषद् बैठकले नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को पहिलो संशोधन स्वीकृत गर्ने, लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरेको उनले बताए ।

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् स्थापना हुने स्थान, संगठन तालिका, दरवन्दी तेरिज, कार्यविवरण, छाप र साइनबोर्ड स्वीकृत गर्ने, वनक्षेत्र प्रयोग तथा रुख कटान गर्ने सम्बन्धमा संघीय सरकारलाई स्वीकृतिका लागि सिफारिस गर्ने, कार्यालय स्थानान्तरण सम्बन्धमा र खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम संचालन (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

# मकवानपुरसहितका जिल्लामा सहकारीविरुद्ध उजुरीको चाङ

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ सहकारीमा जम्मा गरेको बचतरकम हिनामिना हुने क्रम बढेसँगै सहकारी प्रतिको विश्वास घट्दो क्रममा छ । बागमती प्रदेशको काठमाडौंका सहकारीविरुद्ध उजुरी धेरै परेको तथ्यांकले देखाएको छ ।




बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गतको सहकारी महाशाखामा २०८१ वैशाख २३ आइतवारसम्म २७१ वटा सहकारीविरुद्ध उजुरी परेको छ । सबैभन्दा धेरै काठमाडौंका सहकारीविरुद्ध १७२ उजुरी छ भने प्रदेशको सिन्धुली, धादिङ र रसुवामा सहकारीविरुद्ध शुन्य उजुरी रहेको छ । महाशाखाको तथ्यांक अनुसार ललितपुरका ३३, भक्तपुरका १६, काभ्रेपलाञ्चोकका ७, चितवन, रामेछाप र मकवानपुरका २/२, सिन्धुली, दोलखा र नुवाकोटबाट एक/एक उजुरी परेको हो ।

२०७५ मा स्थापित महाशाखामा पहिलो उजुरी १९ फागुन २०७६ मा परेको थियो । महाशाखाका कानुन अधिकृत मनोज गुप्ताका अनुसार बचतकर्ता, ऋणी र सञ्चालकको फरक-फरक प्रकृतिको उजुरी परेको हो । सञ्चालक समितिको अध्यक्ष भागेको, बचतरकम फिर्ता नगरेको, महँगो ब्याज लगाएको, सञ्चालक र अन्यले ऋण नै नतिरेको, सञ्चालकबीचको लफडा, सञ्चालक समितिको अधिकारमा हस्तक्षेप लगायत उजुरी रहेका छन् ।

बागमती प्रदेशमा बचत तथा ऋण, बहुउद्देश्यीय, कृषि, दुग्ध र अन्य गरी ३ हजार २०७ वटा सहकारी सञ्चालनमा छन् । सबैभन्दा धेरै बचत तथा ऋण १ हजार ५२४, बहुउद्देश्यीय १ हजार १४३, कृषि २५६, दुग्ध ५०, जिल्ला सहकारी संघ १३ रहेको छ । सबैभन्दा धेरै सहकारी काठमाडौंमा १ हजार ६५९, ललितपुरमा ४५०, भक्तपुर मा १८५, काभ्रेमा १८०, नुवाकोटमा १३९, धादिङमा १२०, चितवनमा १२९ मकवानपुरमा ८२, दोलखामा ८६, रसुवामा ३७, रामेछाप ७७, सिन्धुली २९ र सिन्धुपाल्चोक ३४ वटा रहेको नायवसुब्बा भीमबहादुर पाख्रिनले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# ७ सय ६६ बालबालिकाले बीचमै पढाई छाडे

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ मकवानपुरको राक्सिराङ गाउँपालिकामा गरिबीका कारण ७ सय ६६ बालबालिकाले बीचमै पढाई छाड्नु परेको छ । राक्सिराङमा २०८० सालमा ६ हजार ९ सय २ विद्यार्थी भर्ना भएकोमा वर्ष बितिसक्दा ७ सय ६६ जनाले पढाई बीचमै छाडेका हुन् ।

यस्तै, राक्सिराङ गाउँपालिका-५ चैनपुरस्थित प्रजाजागृति माध्यमिक विद्यालयमा ३६ जना विद्यार्थीले बीचमै पढाई छाडेका छन् । यो विद्यालयमा २ सय ८२ विद्यार्थी भर्ना भएकोमा २ सय ४६ जना मात्र नियमितरुपमा विद्यालय निरन्तर गएको पाइएको छ । विपन्न तथा जनजाति समुदायका बालबालिकाले गरिबीकै कारण पढाई बीचमै छाड्नु परेको छ । विद्यालयले भर्ना अभियान चलाइरहेको भए पनि कति विद्यार्थीले घरपरिवारको आर्थिक अवस्थाका कारण पढाई निरन्तरता गर्न नसकेका हुन् भन्ने खुलेको छ ।



राक्सिराङ गाउँपालिकाका एक विद्यार्थी रश्मी प्रजा भन्छिन्, 'बाबुआमाले विद्यालय पोशाक, शैक्षिक सामग्री, जुत्ता किन्न नसक्दा पोशाक मिलेन र विद्यालय जान पाइन' उनकी आमाबुवाले मुस्किलले कक्षा ९ मा भर्ना गर्न सफल भए पनि विद्यालय पोशाक किन्ने आर्थिक स्रोत नभएकाले अब के गर्ने ? भन्ने चिन्ता बाँकी नै रहेको छ । यसरी गरिबीका कारणले धेरै बालबालिकाको पढाइमा नराम्रो असर गरिरहेको छ । सरकारले नि:शुल्क शिक्षाको व्यवस्था गरे पनि नगदसहितको सहयोग उपलब्ध गराउन नसक्दा गरिब बालबालिका पढाइबाट बाहिरिने क्रम रोकिएको छैन ।

# हेटौंडा उपमहानगरद्वारा १२ जनालाई सहयोग

साझाकुरा संवाददाता


हेटौंडा, २७ वैशाख/ लामो समयदेखि परम्परागत व्यवसायमा रहेका १२ परिवारलाई हेटौंडा उपमहानगरको सहयोगमा सामग्री हस्तान्तरण गरिएको छ ।



हेटौंडा उपमहानगरको सहयोग तथा दलितबर्ग उत्थान नगर समन्वय समितिको आयोजनामा परम्परागत पेशा आधुनिकीकरण तथा आयआर्जन सामग्री बितरण गरिएको हो ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उत्थान समितिले छनोट गरेका बिपन्न परिवारलाई सामग्री हस्तान्तरण गरेकी हुन् । उनीहरुलाई आधुनिक सिलाई तथा बेल्डिङ मेसिन सहित बाख्रापालन र खुद्रा पसल सञ्चालनका लागि उपमहानगरले सहयोग गरेको हो । सामान हस्तन्तरण गर्दै नगरप्रमुख लामाले दिगो ढंगबाट काम गरी आर्यआर्जनमा जोडिन सुझाव दिइन् ।

नगर समन्वय समितिका अध्यक्ष रामबहादुर नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य सुनिता परियार, हेटौंडा उपमहा नगर कार्यपालिका सदस्य इश्वरी रसाईली, उपमहानगरका सामाजिक विकास महाशाखाप्रमुख भीमप्रसाद तिमल्सिनाको आतिथ्यता रहेको थियो । कार्यक्रममा सहभागीलाई समितिका कोषाध्यक्ष मञ्जु रोक्काले स्वागत गरेकी थिइन् । सामान हस्तान्तरणका लागि उपमहानगरले ३ लाख रुपैयाँ सहयोग गरेको थियो ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time
25 Years of Excellence in Education
Celebrating Silver Jubilee
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# डढेलो नियन्त्रणमा भगवान भरोसा

तीनदिन अघिसम्म मकवानपुरका अधिकांश जंगलमा डढेलो आतंक थियो । डढेलोका कारण मकवानपुरसहित देशभरकै वायुप्रदूषण उच्चतम् अवस्थामा पुगेको थियो । कुनैबेला 'हरियो वन नेपालको धन' भन्ने उक्ति निकै चर्चित थियो । तर, त्यही नेपालको धन संरक्षणमा भने भगवान भरोसा चलिरहेको छ । पछिल्लो दुई दिनदेखि पानी परिरहेका कारण डढेलो नियन्त्रणमा आएको छ । पानी परेपछि वायुप्रदुषणमा सुधार आएको बताइएको छ । मकवानपुरमा चालु आर्थिक वर्षको साउनदेखि चैतसम्म एक हजार ८८१ हेक्टर भन्दा बढी क्षेत्रफलमा वन डढेलो लागेको थियो । मकवानपुरमा रहेका दुइवटा डिभिजनअर्न्तगत डिभिजन वन कार्यालय मकवानपुरको ६ सय ८६ हेक्टर वनक्षेत्र र डिभिजन वन कार्यालय राप्ती मनहरीअर्न्तगत एकहजार १९५ हेक्टर वन क्षेत्रमा डढेलोले क्षति भएको बताइएको छ । डिभिजन वन मकवानपुर अर्न्तगत हेटौंडा, भीमफेदी, मकवानपुरगढी, बकैया, बागमती र डिभिजन वन राप्ती मनहरी अर्न्तगत थाहा नगरपालिका, कैलाश, राक्सिराङ, हेटौंडाको बसामाडी, भीमफेदीको भैंसे र इन्द्रसरोवर गाउँपालिका रहेको छ ।

इन्द्रसरोवर गाउँपालिका-२ सुकौराबाट वनमा आगो लगाएको आरोपमा स्थानीयले एकजना पक्राउ गरी प्रहरीलाई बुझाएका थिए । पवलीभञ्ज्याङ सामुदायिक वनमा आगो लगाएको आरोपमा पक्राउ परेका एकजनालाई १२ दिनको म्याद थपगरी अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय मकवानपुरले जनाएको छ । वनमा आगो लगाएमा वन ऐन २०७६ को दफा ४९ (घ) बमोजिम कसुर गरेकोमा दफा ५० को (४) मा क्षति भएको बिगो असुली गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनसक्ने व्यवस्था कानूनमा छ । डढेलो न्यूनीकरणका लागि पोखरी निर्माण, जनचेतना फैलाउने, आमा समूह, टोल विकास संस्था, सामुदायिक वन समितिका पदाधिकारी सहितको वन डढेलो नियन्त्रण सञ्जाल गठन गरी आगलागी नियन्त्रणका प्रयास भइरहेको डिभिजन वन कार्यालय मकवानपुरले जनाएको छ । तर, पनि डढेलो नियन्त्रण र रोकथाममा आउन आकाशकै भर पर्नुको बिकल्प छैन । डढेलोको नियन्त्रण र रोकथाममा आकाशे पानीको भर पर्नु परेको वन अधिकारीहरु बताउँछन् । डढेलो लगाउनेलाई कानुनी कारबाहीमा ल्याउन नसक्दा यसको नियन्त्रणमा आकाशे पानीको भरपर्नु परेको हो ।

सचेतनाले सचेत मात्रै बनाएको तर, डढेलो नियन्त्रण आउन नसकेको सरोकारवालाको भनाई छ । दुवै डिभिजनको तथ्यांकअनुसार मकवानपुरमा लागेको डढेलोको प्रमुख कारण मानवीय त्रुटी देखिएको छ । जंगलमा घाँस पलाउन नदिन, झाडी सफा हुने, घनाझाडी हुँदा वन्यजन्तु लुकेर बस्ने लगायत कारणले जंगलमा डढेलो लगाउने गरेको बताइएको छ । जग्गा नापी हुन थालेपछि वन अतिक्रमण गरेर जग्गा कमाउने र लालपुर्जा पाउने आशामा डढेलो लगाउने, कतिपय वन समितिमा व्यक्तिगत रिसिइवी, हेल्च्याक्रयाइ, चुरोट खाएर ठुटो बनमा फाल्ने लगायत कारणले वनमा ढडेलो लागेको छ । गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो छिटो फैलने गरेको छ । वनजंगल, भिरपाखा र खरबारीमा हुने अनियन्त्रित आगलागीले वनक्षेत्रमा मात्र नभई नजिककै बस्तीलाई समेत असर पारिरहेको छ । मानवीय कारणले नै डढेलो लाग्ने गरेको छ । आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछन् भनेर व्यक्तिले जानाजानी आगो लगाउँदा त्यसले अनियन्त्रित भई डढेलोको रुप लिने गरेको छ । डढेलोले माटाको प्राङ्गारिक तत्व नष्ट हुने, वन्यजन्तुको बासस्थान नासिने लगायत समस्या निम्तिने गरेको छ । वनमा लागेको डढेलोका कारण वातावरण प्रदुषण हुनुका साथैं मानवस्वास्थ्यमा पनि गम्भिर असर पर्ने गरेको छ ।

# बाबुराम र बालेन अपेक्षा र देन



✍ कपिल काफ्ले

सक्रिय नेताहरुमा डा. बाबुराम भट्टराई र बालेन साहप्रति नेपालीहरुको भिन्न प्रकारको अपेक्षा देखिन्छ । दुई पुस्ताका यी नेतामा केही समानता छन्- भ्रष्टाचार गरेको देखिँदैन, आ-आफ्नो क्षेत्रमा बौद्धिक उचाइ हासिल गरेका छन्, कामलाई पूजा गर्छन्- आफ्नो स्तरको काम पाए मात्र गर्छु भनेर गजक्क पर्दैनन् ।

स्वदेशी वा विदेशी शक्तिको आडमा जनतालाई झुक्याएर आफ्नो दुनो सोझ्याउने काम यिनीहरुबाट आजसम्म भएको देखिँदैन, धरातलीय यथार्थलाई स्वीकार गर्छन्, नेपाललाई रातारात जापान बनाउने सपनाको खेती गर्दैनन् । पदलाई च्याँखे थापेर पार्टी र कुर्सीका लागि कमिसन जम्मा पार्ने काम पनि यिनीहरुबाट भएको देखिन्न । बन्द कोठाभित्र मस्ती गर्ने तर बाहिर साधु बनेर मुस्कुराउने दोहोरो मापदण्ड पनि यिनीहरुले देखाएको पाइँदैन ।

त्यसो त दिवंगत नेताहरुको स्मरण गर्ने हो भने हामीकहाँ स्वच्छ र क्षमतावान् नेताहरुको लामो सूची नै तयार हुन्छ । बीपी कोइराला, मनमोहन अधिकारी, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मदन भण्डारी आदिको स्मरणले मात्र पनि एक प्रकारको गौरवानुभूति हुन्छ । दुर्भाग्यवश, ती नेताहरुलाई पनि राजनीतिक दलको घेराबन्दीमा पारेर भिन्न दलका व्यक्तिले निकृष्ट प्रकारका शब्दहरुको प्रयोग गर्दै गाली गरे । उनीहरुलाई अपमान र तिरस्कारका भाटाहरुको प्रहार भयो । तर पनि जब उनीहरुको शरीर पञ्चभौतिक तत्वमा विलीन भयो तब सबैले प्रशंसाको पुल बाँधे । राजनीतिक दलको सीमामा बाँधिएर विरोध गर्नेहरु पनि समर्थनमा एकीकृत भए । दिवंगतहरुको समर्थन गर्दा कुनै जोखिमको सम्भावना पनि रहेन, किनभने उसले भोलि विरोधी दललाई नोक्सान पार्न सक्ने सम्भावना रहेन ।

कोइरालादेखि भण्डारीसम्मका दिवंगत नेताहरुले सम्पूर्ण जीवन खर्चेर जुन उचाइ बनाए, त्यसमा कति व्यथा थियो, कति समर्पण र सादगी व्यवहारको प्रदर्शन थियो, त्यतातिर ध्यान दिने गरिन्न । खासगरी, हामीले उनीहरु जीवित रहँदै उनीहरुलाई समर्थन र सहयोग गर्न सकेको भए, मुलुकले निकै फड्को मार्न सक्थ्यो । कुशलताका साथ सरकारको नेतृत्व गर्दागर्दै कृष्णप्रसाद भट्टराईलाई उनकै पार्टीका अर्का नेता गिरिजाप्रसाद कोइरालाले रुँदै पद त्याग गर्न बाध्य पारे । सरकार चलाउन किशुनजीलाई दिएर गिरिजाप्रसादले नेपाली कांग्रेसलाई बलियो बनाएका भए मुलुकमा राजनीतिक अस्थिरताको मूल फुट्ने थिएन । विश्वेश्वरप्रसाद र राजा महेन्द्रलाई एकसाथ खडा गराएर मुलुकको विकास गर्ने वातावरण बनाउन सकेको भए आज विश्वमा नेपाल टर्च बालेर खोज्नुपर्ने पहिचानमा सीमिति हुने थिएन । दुवै व्यक्तित्व मेधावी थिए, दुवैको लक्ष्य देश बनाउने नै थियो । जीवनको उत्तरार्धमा आएर बीपीले राजा र मेरो घाँटी एउटै हो भने, यो घाँटी सात सालमै जोडिएको भए आज एकासी सालमा आउँदा नेपाल पक्कै सिंगापुरको उचाइमा पुगिसकेको हुने थियो । तर त्यसो हुन दिइएन । परिणामस्वरुप देशमा १७ हजार नेपालीले अकाल मृत्युवरण गर्नुपर्ने सशस्त्र द्वन्द्व भयो । राजनीतिक स्थायित्व भएन । आज विकासका हरेक बाटाहरु ओरालोतिर मात्र दौडिरहेका छन् । कतै आशाका किरणहरु देखिँदैनन् ।

मुलुकको आर्थिक समृद्धिका लागि नेपालमा लगानी गर्न पूँजी नभएको होइन, वातावरण नभएको हो । लगानी हुन नसकेर नेपाली बैंक तथा सहकारी संस्थाहरुमा खर्बौं रकम फ्रीज छ । वित्तीय संस्थाहरु लगानी गर्न नसकेर ब्याज घटाउँदै निक्षेप ग्रहण गरिरहेका छन् । सरकार बाह्य मुलुकका लगानीकर्तालाई आकर्षित गर्न सम्मेलनको आयोजना गर्छ र निराश हुन्छ । केही लगानीकर्ताहरु लगानी गर्छन् र राजनीतिक दलहरुले नेपाल बन्दका कार्यक्रमहरु आयोजना गरेर हिंसात्मक अवरोध सिर्जना गरेपछि कुम्लो-कुटुरो बाँधेर घर फर्किन हतारिन्छन् । आज शहर-बजारमा सटर, फ्ल्याट, रुम र परिसर भाडामा खाली भएका सूचनाहरु बढिरहेका छन् । विदेश जाने र नफर्किने नेपाली परिवारको संख्या पनि घटेको छैन । वैदेशिक रोजगारीमा पठाउने नेपालका एजेन्टका अफिसहरुमा भीड बढेको बढ्यै छ । आम जनताका सरोकारका विषयमा राज्यसत्ता चासो दिँदैन, सरकारमा टिकिरहने उपायहरुको खोजी गर्दागर्दै उसको गिदी भरिएको छ । त्यहाँ देश विकासको भिजन छैन । भ्रष्टाचारको दलदलले कसैलाई टाउको उठाउन दिएको छैन । राजनीतिक दलमा भ्रष्टाचार छ, त्यसैले कुनै दल पनि आर्थिक कारोबारको फेहरिस्त सार्वजनिक गर्दैनन्, पारदर्शिताको नाम सुन्दा उनीहरुलाई पिसाब लाग्छ । पार्टी चलाउन खर्च चाहिन्छ भन्दै नेता, कार्यकर्ता, व्यापारी, कर्मचारी सबैसँग चन्दा असुल्ने र उनीहरुलाई भ्रष्टाचार गर्न अभिप्रेरित गर्ने कार्यले तीव्रता पाएको छ । निर्वाचनमा उम्मेदवार हुने व्यक्ति चुनाव प्रक्रिया नै खर्चिलो भएका कारण कमिसन र भ्रष्टाचारको दलदलमा फस्ने गर्दछ । चुनावको खर्च उठाउन नसक्ने डरका कारण ऊ 'मेन्टल डिसअर्डर' मा जाने सम्भावना छ ।

यस आलेखमा बाबुराम र बालेनको नाम पुस्तान्तरण प्रतिनिधि पात्रका रुपमा मात्र लिइएको हो, हरेक साना-ठूला राजनीतिक दलमा भ्रष्टाचार गर्नुहुन्न भन्ने व्यक्ति छन् । पार्टीको ह्वीप मान्नुपरेका कारण कमिसन स्वीकार गर्ने र दलको नेतृत्वलाई बुझाउने मन्त्री र नेताहरुको संख्या पनि उल्लेख गर्नलायककै छ । तर पनि भ्रष्टाचार रोकिएको किन छैन भने, मुलुकको नेतृत्व नै भ्रष्ट छ । प्रभावशाली छिमेकी राष्ट्र र टाढाका महाशक्तिहरु पनि नेपालमा भ्रष्टाचार बढाउन प्रत्यक्ष-परोक्ष रुपले सघाइरहेका छन् । भ्रष्टाचार आर्थिक कारोबार मात्र होइन, आचार संहिता र अनुशासनबाहिरको व्यवहार पनि भ्रष्टाचार हो भन्ने हामीकहाँ भ्रष्टाचार संस्कार बनिसकेको छ ।

बाबुराम र बालेनको नामै किटेर प्रशंसा गर्नुको कारण के भने, मुलुकलाई ठूला र ाजनीतिक दलहरुले 'भिजन-मिसन' दिन नसकेका बेला उनीहरुले भने हामी यसरी अघि बढ्छौं भनेका छन् । ठूला दलहरु नाममा 'लोकतन्त्र' राख्ने तर व्यवहारमा अधिनायकत्व चलाउने, नाममा 'कम्युनिस्ट' भन्ने तर चीनबाट सी जिनपिङ आएर 'यस्तो व्यक्तिवादी र स्वार्थी चरित्रले त कम्युनिस्ट होइन्न' भनेर सिकाउनुपर्ने अवस्थामा छन् । यतिखेर जनतालाई ठूला कुराभन्दा स-साना काम चाहिएको छ । जनता अग्रगामी वैकल्पिक राजनीतिक शक्तिको खोजीमा छन् ।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र छ, संविधान र कानुनको अभाव पनि छैन, तर पनि देशले निकास पाएको छैन । यतिखेर अधिकांश नागरिकमा देशमै बसेर देश बनाउन होइन, देश छोडर विदेशमा गई व्यक्तिगत जीवन बनाउने लालसा पलाएको छ । ठूला राजनीतिक दलका नेताहरुले कहिल्यै वैदेशिक रोजगारीका एजेन्टका कार्यालयमा बढ्दो भीडलाई देखेनन् । मुलुक युवाविहीन हुने दिशामा पुगेको तीतो सत्य स्वीकार गरेनन् । यति सुन्दर मुलुकप्रति आफ्नै नागरिकको आकर्षण बढाउन सकेनन् । तुलनात्मकरुपमा निकै सानो पार्टी नेसपा नयाँ शक्ति चलाएर बसेका डा. बाबुराम भट्टराई र पार्टी नै नभएका बालेन साहको जति विश्वास दिलाउन पनि ठूला भनिएका दलहरुलाई मुस्किल भएको देखिन्छ । वैचारिक अडान गुमाएका कारण नै ठूला दलमा भ्रष्टीकरण देखिएकोमा शंका छैन । सानो दल वा व्यक्ति मात्र पनि निश्चित विचार र दर्शनका साथ अघि बढेको छ भने त्यसप्रति जनआस्था बढ्नु स्वाभाविक हुन्छ ।

'अब म कम्युनिस्ट होइन, समाजवादी हुँ' भन्ने उद्घोष डा. बाबुराम भट्टराईको पहिलो राजनीतिक इमानदारी हो । पार्टीको नाम कम्युनिस्ट राख्ने व्यवहार र चरित्र त्यसको विपरीत देखाउने हो भने राजनीतिक तथा वैचारिक इमानदारी देखिन्न । सत्तामा पुग्न हिजो सर्वहारा अधिनायकत्व भन्ने तर पुगिसकेपछि सर्वहाराको 'स' पनि नदेख्ने, साम्राज्यवाद र विस्तारवादविरुद्ध लड्नका लागि जनताको मत माग्ने तर कुर्सी पाएपछि ती शक्तिकै पाउ खोजेर ढोग गर्ने मानसिकता इमानदारी होइन । डा. भट्टराईले त्यो इमानदारी देखाएर आफूलाई नेकपा माओवादी केन्द्रभन्दा बाहिर राखे । नामसँग काम मिल्नु नै इमानदारीको पहिलो पहिचान हो । समावेशी र सहभागितामूलक लोकतन्त्रमा आधारित समाजवादलाई राजनीतिक आधार बनाएर उभिएका डा. भट्टराईले समतामूलक समृद्धि, समानुपातिक समावेशी सहभागितामूलक लोकतन्त्र, सुशासन र सदाचार, स्वाधीनता र सार्वभौमिकता तथा समुन्नत समाजवादसहित पाँच 'स'को सिद्धान्त अघि सारेका छन् ।

वस्तुतः राजनीतिक दल र नेतृत्वमा सैद्धान्तिक अडान त चाहिन्छ नै, साथमा उसको चरित्र र व्यवहार हेरेर नै मानिसले आफूलाई उसको पछि दौडाउँछ । बुद्ध, गान्धी, महावीर, मार्टिन लुथर आदिका पछि मानिस कुनै पद पाउनका लागि लागेका थिएनन्, वास्तवमा सत्यका पछि लाग्ने हुटहुटीले उनीहरुलाई त्यहाँ उभ्याएको हो । क्रान्तिकारी पृष्ठभूमिका नेता डा. बाबुराम र काठमाडौं महानगरपालिकाका मेयर बालेन साहका पछि लाग्ने सोच पनि भौतिक स्वार्थभन्दा माथि हुनुपर्छ । पद, प्रतिष्ठा, पैसा आदि भौतिक सुविधा हुन् तर भोको मानिसलाई भरपेट भोजन गराउँदाको आनन्द आध्यात्मिक सोचको निकट छ ।

पूर्वीय दर्शनमा आध्यात्मिक चिन्तन भन्नाले भगवानको अस्तित्व स्वीकार गर्ने मान्यता बुझिन्छ । तर यस मान्यताबाट तटस्थ रहेर देश र जनताको सेवाबाट प्राप्त हुने सन्तुष्टिलाई पनि आध्यात्मिक मान्न सकिन्छ । कम्तीमा यसलाई पञ्चभौतिक तत्वभित्रै राख्ने हो भने पनि यस भावलाई आकाश तत्वको निकट राख्नु ठीक हुनेछ । व्यक्तिको जीवनमा मन, भावना, सोच, सन्तुष्टि आदि भावनात्मक तत्वहरुको अस्तित्व निकै बलियो हुन्छ । त्यसैले छोटो जीवनमा भौतिक सुख-समृद्धिका लागि मात्र नभएर आध्यात्मिक वा आकाश तत्वको सन्तुष्टिका लागि पनि समय लगाउनु आवश्यक छ ।

यही आवश्यकताको पुष्टिका लागि हिजो बीपी, मनमोहन, गणेशमान, किशुन, मदनलाई सघाउन नसकेर जसले छटपटीको अनुभूति गरिरहेका छन्, उनीहरुका लागि बाबुराम र बालेन तथा उनीहरुजस्ता सक्रिय स्वच्छ पात्रहरु उपयोगी हुन सक्छन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# कांग्रेसका युवाको उद्घोष: कि छाडौं कि भिडौं

✍ गुरुराज घिमिरे

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः । ।

(मारियौ भने स्वर्ग जान्छौ । जित्यौ भने पृथ्वीमा राज गर्नेछौ । त्यसै कारण हे अर्जुन ! युद्धको लागि दृढ भएर उठ ।) दोस्रो अध्याय, ३७औं श्लोक, महाभारत गीता

हामीसँग उपलब्ध शास्त्रहरू वरदान हुन्, जसले हामीलाई निरन्तर प्रेरणा दिन्छन् र मार्ग निर्देशित गर्छन् । दुनियाँमा अहिलेसम्म गीता जत्तिको उच्चकोटिको शास्त्र कुनै छैन । माथिको श्लोक महाभारत युद्ध-पूर्व कृष्णद्वारा अर्जुनका लागि मात्र दिइएको उपदेश होइन, जुनसुकै पेशा-व्यवसायमा लागेका हामी सबैका लागि गहन शिक्षा हो । फरक यति नै हो कि हामीले कति आत्मसात् गर्न सक्छौं ।

गत साता ललितपुर महानगर नजिकैको सार्वजनिक स्थलमा राजधानीमा उपलब्ध एक जमानामा कांग्रेस र लोकतन्त्रका लागि अहोरात्र खटिएका एवं जीवनको महत्त्वपूर्ण समय दिएका, पार्टी नछाडेका तर पार्टीले महत्त्व नदिएका अर्थात् पार्टीबाट गम्भीर उपेक्षा झेलेर बेवारिसे जस्ता भएका देशभरका आठ दर्जन जति प्रचलित युवा तरुणहरू भेला भए ।

उनीहरूसँग भेलामा सहभागी हुनुको खास तात्पर्य र नियोजित कुनै योजना र उद्देश्य त थिएन, न त त्यो कुनै गोपनीय गुटगत आयोजना नै थियो । पार्टीमा लामो समय काम गरेर पनि हाल कुनै कार्यकारी भूमिकामा नरहेका र खासगरी नेविसंघको राजनीतिबाट उदाएका ती दर्जनौं युवा तरुणहरूमा देशका लागि केही गर्ने हुटहुटी भने बाँकी नै रहेको देखिन्थ्यो ।

जीवनको मझधारमा रहेका साथीहरू बीच भेटघाट होस् भन्ने पवित्र उद्देश्यले आयोजित भेलाले मात्र पनि उपस्थित युवाहरूको चेहरामा भिन्नै चमक र उज्यालोपन छचल्किन्थ्यो । विगतमा खेलेको भूमिका र पुऱ्याएको योगदानप्रति गौरवान्वित यो समूह थप भूमिका खेल्न र योगदान थप्न अझै तयार छ भन्ने लाग्थ्यो । ठूलो उपेक्षा र दुर्व्यवहार झेलेर पनि यस्तो आत्मविश्वास देखिनु सामान्य कुरा थिएन ।

विश्व राजनीतिमा आफ्नो दलमा काम गरेका र आबद्धता भएका युवाहरूलाई उनीहरूको योगदान, योग्यता र सक्रियताको आधारमा विभिन्न भूमिका दिने प्रचलन पुरानै हो । दक्षिणएशियाका देशहरूमा त यो प्रचलन स्थापित नै छ । अझ राजनीतिमा चाख भएका देशभरका युवाहरूमध्ये मेधावी र निष्ठावान् व्यक्तिहरू छनोट गरी महत्त्वपूर्ण जिम्मेवारी दिने र भविष्यको नेताका रूपमा तयार गर्ने परिपाटी छ । यो परम्परा भारतमा सबैभन्दा ज्यादा छ ।

हामीले भर्खरै थाहा पायौं, भारतीय राष्ट्रिय कंग्रेसले नेहरू-गान्धी परिवारको परम्परागत निर्वाचन क्षेत्र अमेठीमा राहुल कि प्रियंका भन्ने बहस चरम उत्कर्षमा पुगेको र त्यहाँ गान्धी परिवारकै सदस्य हुनुपर्ने माग भइरहेको बेला ४० वर्षदेखि गान्धी परिवारका निकट विश्वासपात्र किशोरीलाल शर्मालाई लोकसभा सदस्य बनाउने निर्णय गरेर सबैलाई आश्चर्यमा पाऱ्यो ।

अमेठीका कंग्रेस उम्मेदवार किशोरीलालले सन् १९८३ मा राजीव गान्धीले देशभरिबाट छानेर लामो प्रशिक्षणका लागि दिल्ली बोलाएका ४०० युवामध्येबाट पनि छानिएका १० युवामा पर्ने सौभाग्य प्राप्त गरेका थिए । लुधियानाका ती युवा जसले अमेठी, रायबरेली लगायत चुनाव क्षेत्रको बागडोर बारम्बार सम्हालेका थिए र सफल परिणाम दिलाउने क्षमता प्रदर्शन गरेका थिए । सन् २०१९ मा अमेठी क्षेत्रमा राहुल गान्धी पराजित हुँदा उनी रायबरेलीमा खटिएका रहेछन् । त्यहाँ उनको सट्टा अर्कै टिम खटाइएकाले परिणाम प्रतिकूल आएको रहेछ । अब उनी स्वयं उम्मेदवार भएका छन् । यो केवल गान्धी परिवार मात्र होइन, भारतीय राष्ट्रिय कंग्रेसको आफ्ना सदस्यप्रतिको विश्वास र अगाध प्रेम पनि हो ।

हुनत हामी पनि व्यक्ति छान्छौं, युवा तरुण पनि खोज्छौं । तर फरक कहाँनेर छ भने हामीलाई हाम्रो व्यक्तिगत गीता वा प्रशस्ति गाउन सक्ने, हाम्रा कमजोरी ढाकछोप गर्न जान्ने, कहिल्यै आफ्नो विवेक प्रयोग नगर्ने, कार्यक्षेत्रमा खट्नुभन्दा निरन्तर दैलो ढुक्न सक्ने, सार्वजनिक प्रभावकारिता नभएका र पार्टीलाई रचनात्मक सुझाव दिन नसक्ने व्यक्ति चयन गर्छौं । अब यो हाम्रो सनातन चरित्र र 'क्रोनिक' रोग बन्दै गएको छ । एक प्रकारले हामी के गर्दैछौं भन्ने सामान्य होस् पनि छैन । किनभने हामीलाई वैयक्तिक सुख-सुविधाका लागि सत्ता चाहिएको छ, जसका लागि हामी हाम्रा होनहार सदस्यहरूको 'क्यारियर' कुर्वान गर्न तयार छौं ।

आफ्नो विचार महान्, अरूको बकवास, आफ्नो योगदान सर्वाधिक, अरूको मूल्यहीन र समग्रमा पार्टीभित्र आफू सुयोग्य र अरू अयोग्य भन्ने विवेकहीन चिन्तन हाम्रो मूल चिन्तन भएको छ । यसले हामीलाई कहाँबाट कहाँ पुऱ्याउँछ, समयक्रममा देखिँदै जानेछ । भेलामा उपस्थित साथीहरू बडो सुझबुझपूर्वक जीवनको उर्बर समय र योग्यता देशको प्रजातान्त्रिक आन्दोलनमा खर्चिएका साथीहरू थिए । उनीहरूमा वैयक्तिक आकांक्षा र सपना खासै नदेखिए पनि आफ्नो दल र नेताप्रति चरम आक्रोश भने पर्याप्त थियो । सपना त पार्टीभित्रको बेथिति र मनपरीतन्त्रले लगभग मेटिसकेको छ नै । साथै लोकतन्त्र र देशप्रति गम्भीर चिन्ता पनि झल्कन्थ्यो । यो आक्रोश र चिन्ता आफूहरूलाई भूमिकाविहीन पारिएकोमा होइन, बरु आफ्नो दल र अवसर लिएका नेताहरूले देशका लागि राम्रो काम गर्न नसकेको प्रति लक्षित थियो । आफूहरू किनारमा धकेलिएर पनि पार्टीले राम्रो गरेको भए सायद कुनै गुनासो रहने थिएन । साथै नेताहरूप्रति प्रेम र सद्भाव पनि थियो । किनभने नेताहरूको विगत सुनौलो थियो । त्यस्तो चम्किलो इतिहास विकृतिको डंगुरमा अलपत्र थियो ।

भेलामा सहभागी साथीहरू कोही स-साना व्यवसायमा, कोही शिक्षण पेशामा, कोही विभिन्न जिल्लाबाट अधिवेशन सदस्य र अपवाद बाहेक सबै चरम बेरोजगारी झेलिरहेका थिए । अहिले आएर पहिले राम्रो सम्बन्ध भएका पार्टीका नयाँ पुराना सबै नेता टाढिएका र सामान्य सोधखोजसम्म नगर्ने स्वार्थी बनेको पीडा सबैमा थियो । यो सबै उत्तिकै काम गरेका कोही भने अवसर लिइरहने र कोही भने निरन्तर रमिते बन्नुपर्ने पार्टीको न्याय प्रणालीले बनाएको कुरूप चित्र र उब्जाएको परिणाम थियो । भेलाको कुशल संयोजन युवा मित्र केदारमानसिंह बस्नेतले गरेका थिए । सामान्यतया कांग्रेसमा हिजोआज यस्तो निस्वार्थ भेला वा जमघट हुन छाडेको छ । भेला त हुन्छन् तर गुटगत, जहाँ एकअर्कालाई गाली बाहेक अर्थोक हुँदैन । किनभने केही सीमित व्यक्तिहरूको निजी स्वार्थले संस्थाभित्रको आत्मीयता र प्रगाढ सम्बन्धलाई विस्थापित गरिदिएको छ । संस्था कहाँ छ, के गर्दैछ र के गर्नुपर्ने हो भन्नेतर्फ कुनै गम्भीरता छैन ।

एउटा अन्तर्राष्ट्रियस्तरको अध्ययनले के बताएको रहेछ भने दुनियाँका दुई तिहाइ राजनीतिक परिवर्तनहरू युवाहरूका कारणले सफल हुन्छन् तर परिवर्तनपछि त्यसमध्येका दुई तिहाइ राष्ट्रहरूले युवाहरूलाई गम्भीर उपेक्षा गर्छन् र चटक्कै बिर्सन्छन् । यस प्रतिवेदनले समेटेका थुप्रै राष्ट्रमध्ये सायद नेपाल पनि एक हुनुपर्छ । यो प्रसंग किन उठाइएको हो भने नेपालका राजनीतिक दलका युवाहरूलाई दलहरूले नराम्ररी उपयोग गर्ने र एउटा निश्चित समयपछि कामै नलाग्ने बनाएर मिल्काउने गरेका छन् । यो सिलसिला निरन्तर जारी छ । पञ्चायतकाल र २०४६ सालपछि त्यस्तै भयो । २०६३ पछि त झन् बढेर गयो । अहिले क्रियाशील रहेका भर्भराउँदा युवाहरूको नियति पनि त्यही हो, केही वर्षपछि यसरी मिल्काइन्छन् कि उनीहरूको लागि समाजमा टेक्ने ठाउँसम्म र बोलिदिने कोही हुनेछैन र बहुमूल्य समय खेर फालेकोमा कपालमा हात राखेर पछुताउनु बाहेक अन्य विकल्प रहने छैन । यो निकै दुःखद् यथार्थ हो ।

त्यसैको परिणामस्वरूप पछिल्लो पुस्ताले राजनीतिसँग नाता तोड्न थालेको छ । किनभने आफ्नो जीवनसँग खेलबाड गर्ने राजनीति किन चाहियो उनीहरूलाई? नेपालको राजनीतिले न शिक्षा, न त रोजगारीको नै ग्यारेन्टी गर्न सकेको छ । न देशको भौतिक विकास र अन्तर्राष्ट्रिय प्रतिष्ठा, न नागरिकको आत्मसम्मान, न स्वाभिमान ? अनि कसरी जोडिन्छ नयाँ युवा राजनीतिमा ? आफ्नो भविष्य चौपट पार्ने राजनीतिमा जोडिनु केका लागि ? लोकतन्त्रको आवरणमा नवसामन्तवाद फस्टाउँदै गएको भद्दा राजनीतिमा जीवन खर्चिनु किन ? आजका युवाको निष्कर्ष हो यो ।

के हामीसँग जवाफ छ ? के दलीय राजनीति भनेको दलका केही व्यक्तिहरूले राज्यका पद पाइरहनु मात्र हो ? कि राजनीतिले राष्ट्रको सामाजिक, आर्थिक र भौतिक क्षेत्रमा केही प्रगति पनि गर्नुपर्छ ? जनताले केही भुइँफुट्टा व्यक्तिहरूको बकवास सुनेर कतिञ्जेल बस्ने? खै योग्यतन्त्र मौलाएको ? कि लोकतन्त्र भनेको भीडतन्त्र मात्र हो ? नेपाली समाजमा खडा भएको सबैभन्दा पेचिलो प्रश्न यही हो । यसबाट उन्मुक्तिको संभावना कति छ त भनेर खोजी गर्नुपर्ने निष्कर्ष पनि उक्त भेलाका थियो ।

नेपाली कांग्रेसमा एउटा लोकतान्त्रिक सभ्यता थियो, जसले नेपालका अन्य राजनीतिक दलहरूलाई बाटो मात्र देखाएन, वर्तमानसम्म डोऱ्याएर ल्याउने महत्त्वपूर्ण दायित्व निर्वाह समेत गऱ्यो । कुनै पनि लोकतान्त्रिक संस्थाको यो ऐतिहासिक अभिभारा हो । तर समयक्रममा विस्तारै विस्तारै आफैं अलमलमा पर्दै गयो । किनभने त्यागको स्थान स्वार्थले ओगट्न थाल्यो । र आफ्नो बारी बाँझै राखेर अरूको खेत जोत्ने र घरका सदस्यलाई जात्रामा पठाएर खेताला खोज्न थाल्यो । अनि प्रतिफल कसरी आउँछ?

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख २९ गते शनिबार ११ मे २०२४ । चतुर्थी, बैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१९, सूर्यास्त ६:४३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुन्छ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

# शिवशिखर सहकारी सरकारको 'राडार' बाट बाहिर जाँदै

काठमाडौं/सहकारी विभागको सिफारिसमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थालाई २५ भदौ २०८० मा समस्याग्रस्त घोषणा गरी सम्पत्ति तथा दायित्व फर्छ्यौट गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समिति पठायो । समितिमा पठाएको आठ महिना हुँदासमेत समितिले शिवशिखर सहकारीका सबै कार्यालबाट आवश्यक कागजात बरामद गरेको छैन ।

देशभरि तीन शाखा र डेढ दर्जन मार्ट सञ्चालन गर्दै आएको सहकारीले बचतकर्ताको १० अर्ब रुपैयाँभन्दा बढी रकम अपचलन गरेको छ । सुदूरपश्चिम र काठमाडौं उपत्यकामा रहेका कार्यालय कात्तिक र मंसिर २०८० मै छापा मारेर आवश्यक कागजात बरामद भए पनि अन्य कार्यालयमा सहकारीले छापा मारेको थिएन ।

समितिका अनुसार ३७ मध्ये ३४ कार्यालय भाडामा बसेका छन् । समितिले आवश्यक कागजात र सामान बरामद गरेर भाडामा रहेका घर खाली नगर्दा आठ महिनादेखि करोडौं रुपैयाँबराबर भाडा दायित्व समेत थपिँदै गएको छ । समितिले सहकारी कार्यालबाट संस्थाको जिन्सी सामान लिलाम गर्ने र कागजात बरामद गरेर खाली नगर्दासम्म कार्यालय खाली गर्न मिल्दैन । संस्थाको कार्यालय खाली नभएसम्मको घर भाडा फर्छ्यौट गर्ने दायित्व पनि समितिले नै गर्नुपर्ने हुन्छ । ३४ शाखा कार्यालय र मार्ट सञ्चालनमा रहेको घरभाडा मात्रै पनि मासिक करोडभन्दा बढी हुने समिति स्रोतले बताएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष काशीराज दाहालले शिवशिखरको आवश्यक कागजात बरामद गर्ने कामलाई प्राथमिकता नदिँदा अहिलेसम्म पनि उसका सबै शाखा कार्यालयबाट आवश्यक कागजात समिति मातहत आउन नसकेको स्रोतले दाबी गरेको छ ।

समितिका कर्मचारीको नेतृत्वमा असोज र कात्तिक २०८० मै सुदूरपश्चिमका आठ शाखा र मार्टमा छापा मारेको थियो । तर, त्यसपछि समितिका तत्कालीन अध्यक्ष दाहालले बचतकर्ता र ऋणीको विवरण सफ्टवेयरमा नै उपलब्ध भएकाले छापा मार्नु नपर्ने भन्दै र रोकेको समिति स्रोतले बतायो ।

'तत्कालीन अध्यक्षको निर्देशनपछि सुदूपश्चिमको कार्यालमा छापा मारेपछि छापा मार्ने काम र रोकियो । उनको प्राथमिकता विभिन्न अन्तरक्रिया र छलफलमा केन्द्रित भयो,' समिति स्रोतले संचारकर्मीसँग भन्यो, 'त्यतिबेला नै छापा मार्न सकेको भए मार्टमा भएका केही सामान प्रयोग गर्न योग्य थियो । अहिले मार्टमा रहेको प्रयोग हुने सबै सामान चोरी भइसकेका छन् भने खाद्यान्न लगायत सामग्रीको उपभोग्य



केदारनाथ शर्मा
पूर्वअध्यक्ष, शिवशिखर सहकारी

मिति सकिएको छ ।'

**कति शाखामा समितिले मार्‍यो छापा ? के भयो बरामद ?**

सुदूरपश्चिममा छापा मारेपछि रोकिएको समितिले वैशाखमा भने लुम्बिनी र कर्णाली प्रदेशका केही कार्यालयमा छापा मारेको छ । समितिका सूचना अधिकारी विष्णुप्रसाद गौतमका अनुसार सुदूरपश्चिममा रहेका दुइटा मार्टसहित सात कार्यायलमा समितिले असोज र कात्तिक २०८० मै छापा मारेको थियो ।

सुदूरपश्चिम डडेल्धुरा र डोटीसहित कञ्चनपुर महेन्द्रनगर र बेलौरी तथा कैलाली अत्तरिया, धनगढी लम्कीचुवामा शाखा कार्यालय सञ्चालनमा थियो । कञ्चनपुर महेन्द्रनगरमा भने सहकारीमा समस्या आउनुभन्दा केही समय अगाडि मात्रै करोडौं लगानीमा पाँच तले भवनमा डेकोरेसन सहित मार्ट सञ्चालनमा ल्याएको थियो ।

'महेन्द्रनगरमा मार्ट सञ्चालन गर्न डेकोरेसनमा नै करोडौं खर्च गरेको देखिन्छ । मार्टमा भएका सामान पनि केही प्रतिशतमात्रै काम लाग्ने छ,' समिति स्रोतले भन्यो, 'घरधनीले घर खाली गरि दिन पटक-पटक ताकेता गर्दा पनि समितिबाट कुनै निर्णय नहुँदा ३७ शाखामध्ये कुनै पनि घर खाली भएको छैन ।' करोडौं खर्चमा गरिएको डेकोरेसन लिलाम गरेर बिक्री नगरी घर खाली गराउन नमिल्ने भएकाले समस्या भएको स्रोतको भनाइ छ ।

गत सातादेखि समितिका दुइटा समूह कर्णाली र लुम्बिनी प्रदेशका कार्यालयमा छापा मार्न पुगेको थियो । सहकारीले कर्णाली प्रदेश सुर्खेत वीरेन्द्रनगर र मेहेलकुनामा रहेको गार्डेन मार्टसमेतको शाखामा छापा मारेको थियो । सुर्खेतको मार्टमा रहेको २५ प्रतिशत सामान काम लाग्ने देखिए पनि अन्य सामानको म्याद गुज्रिएको तथा बिग्रिएको अवस्थामा भेटएको समितिका सूचना अधिकारी गौतमले बताए ।

दुइटा कार्यालबाट समितिले आवश्यक कागजात बरामद गरेर ल्याएको छ भने शाखा र मार्टमा ताला लगाएर आएको छ । यस्तै सोही टोलीले बाँके नेपालगञ्ज र कोहलपुरमा रहेका शाखा कार्यालय र मार्टमा छापा मार्‍यो भने बाँकेकै चाँदनी चोक शाखा र मार्टमा समेत छापा मार्‍यो । समितिले आवश्यक कागजात बरामद गरे पनि मार्टमा भने प्रयोग गर्ने मिल्ने सामान बचतकर्ताले लगिसकेको टोलीका एक सदस्यले बताए ।

'चाँदनी चोकमा रहेको मार्टका सामान तत्कालीन अध्यक्ष काशीराज दाहालको मौखिक निर्देशनमा सोही शाखाका बचतकर्ताले बाँडेर लगेको जानकारी छापा मार्न जाँदा स्थानीय बचतकर्ताले बताए,' समिति स्रोतले भन्यो, 'अन्य धेरै मार्टका सामान उहाँको मौखिक सहमतिमा यसैगरी लगिसकिएको छ ।' समितिले काठमाडौं उपत्यकामा रहेको मुख्य कार्यालय कौशलटार सहित भक्तपुर सल्लाघारी र कमलविनायक तथा ललितपुर मंगलबजार र चापागाउँ साथै काठमाडौं न्युरोड, बागबजार, कीर्तिपुर र महाराजगञ्ज कार्यालयको आवश्यक कागजात बरामद गरेर कार्यालय सिल गरेको थियो ।

समिति सदस्यसचिव केशवराज पौडेल नेतृत्वको टोलीले दाङ भालुवाङ, तुलसीपुर लगायत कार्यालयमा छापा मारेको थियो । तुलसीपुर शाखामा छापा मार्दा स्थानीयले प्रतिरोध गरेपछि समितिले प्रहरी अपराध अनुसन्धान महाशाखाका प्रतिनिधिको समेत सहयोग लिनु परेको थियो ।

'तुलसीपुर शाखामा छापा मार्ने क्रममा केदारनाथलाई जोगाउन आएको भन्ने आशंकामा स्थानीय बचतकर्ताले प्रतिरोध गरे,' कार्यालयमा छापा मार्न गएका एक प्रतिनिधिले भने, 'उहाँहरूले वास्तविकता बताए पनि स्थानीय जनप्रतिनिधि र प्रहरी समेतको उपस्थितिमा छापा मारेर ऋणी र बचतकर्ताको आवश्यक कागजात तमसुक सहित विवरण ल्याएका छौं । मार्ट र कार्यालय सिल गरेका छौं ।'

**गण्डकी र बागमतीका दर्जन कार्यालयमा अझै पुगेन समिति**

शिवशिखर सहकारी समस्याग्रस्त घोषणा भएको आठ महिनाज बितिसक्दा पनि सहकारीका एक दर्जन बढी कार्यालय समितिले अझै सिल गरेको छैन । ३७ मध्ये चितवन भरतपुर र टाँडीमा रहेका शाखा र मार्ट तथा मकवानपुर हेटौंडा र थाहा नगरपालिकामा रहेका शाखामा अहिलेसम्म समितिको टोली पुगेको छैन । यस्तै पश्चिमका कार्यालयमा छापा मार्न गएको समिति टोली समितिमा नयाँ अध्यक्ष नियुक्त भएर पदबहाली हुने भन्दै बुटवल लगायत कार्यालमा छापा नमारी काठमाडौं फर्किएको छ ।

त्यसैगरी गण्डकी प्रदेश कास्कीका दुई, लमजुङ र म्याग्दीमा एक-एक तथा बाग्लुङमा दुई शाखा छन् । बाग्लुङ र पोखरामा मार्टसमेत सञ्चालनमा थियो । त्यहाँ अहिलेससम्म समितिको टोली पुगेको छैन । प्रहरीले शिवशिखर सहकारीका पूर्वअध्यक्ष केदारनाथ शर्मा र उनकी श्रीमतीसहित ठगीमा संलग्नलाई पक्राउ गरेर अनुसन्धान गरी मुद्दासमेत चलाइसकेको छ ।

सहकारीको कारोबार भएका अधिकांश जिल्लामा केदार नाथ शर्मासहित प्रतिवादी विरुद्ध मुद्दा विचाराधीन छ । तर, सहकारीका पूर्वअध्यक्ष शर्मालाई प्रहरीले भारतबाट पक्राउ गरी ल्याए पनि वर्तमान अध्यक्ष सुशील बानियाँ भने फरार छन् । समितिले समयमै निर्णय नगर्दा देशभरि रहेका मार्टका सामान बिग्रिएर गएको समितिका एक कर्मचारीले बताए । यस्तै समितिले निर्णय गरेर आवश्यक कागजात बरामद गर्ने र लिलाम गर्नुपर्ने सामान समयमै लिलाम गरी भाडामा भएका घर खाली नगर्दा दायित्व बढ्दै गएको समितिका अर्का एक कर्मचारीले बताए ।

'समयमै घर खाली नहुँदा घरभाडा बापतको दायित्व पनि बढ्दै गएको छ । छापा मार्न गएका कतिपय शाखामा २२ महिनादेखि भाडा नपाएको गुनासो छ । कतिपय घरधनीले घर खाली गराएर अर्को भाडा लगाउन पाए बैंकको किस्ता तिर्थ्यौं भनिरहेका छन्,' स्रोतले भन्यो, 'समितिले समयमा निर्णय नगर्दा मार्टमा भएको करौडौंको सामान मात्रै बिग्रिएन, दिनहु घरभाडा समेत बढ्दै गएको छ ।'

३७ मध्ये धनगढी, नेपालगञ्ज र कोहलपुर चाँदनी चोकमा रहेको कार्यालय मात्रै केदार नाथ शर्माको आफ्नो घरमा रहेको र अन्य सबै कार्यालय भाडामा नै बसेको पाइएको समितिका अधिकारीहरूले बताए ।

**केदारनाथले भनेका कम्पनीमा छैन समितिको पहुँच**

शिवशिखरका पूर्वअध्यक्ष केदारनाथ शर्माले प्रहरी अनुसन्धान क्रममा आफ्नो बयानमा नै सहकारीको रकम विभिन्न कम्पनीमा लगानी गरेको बताएका छन् । तर, ती कम्पनीका अन्य सञ्चालकले भने कम्पनी ऐनअनुसार स्थापना भएको कम्पनीमा सहकरी ऐनअनुसार दाबी नपुग्ने र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले त्यसमा केही गर्न नसक्ने दाबी गर्दै आएको समिति स्रोतले बतायो ।

सहकारीको रकम कम्पनीमा लगानी गरेका केदारनाथले नै बयान दिएका छन् । तर, कम्पनीका अन्य सञ्चालक भने कम्पनी ऐनअनुसार स्थापना भएको आफ्नो कम्पनीमा समितिले केही गर्न नपाउने बताइरहेको समितिका एक अधिकारीले बताए । 'सहकारीको रकमबाट जग्गा किन्ने र कम्पनीमा लगानी गर्ने गरेको देखिन्छ । उक्त कम्पनीमा विभिन्न सम्पत्ति धितो राखी रोक्का गरेर बैंकबाट अर्बौं ऋण लिएको छ,' समिति स्रोतले भन्यो, 'तर, बैंकबाट लिएको उक्त कर्जा कुन क्षेत्रमा गयो भन्ने देखिँदैन ।'

बैंकले धितो राखेको सम्पत्ति पनि धेरै अगाडिको मूल्यांकन रहेको भन्दै अहिले उक्त धितोको मूल्यांकन बढेको अवस्थामा बैंकले आफ्नो ऋण असुल गरी बढी हुने रकम समितिको खातामा जम्मा गर्नुपर्ने भन्दै समितिले राष्ट्र बैंकलाई पत्र पठाएको थियो ।

'सर्वोच्चको नजीर पनि सम्पत्ति रोक्का पहिलो जुन निकायबाट भएको छ, पहिलो अधिकार उसैको हुने भन्ने छ,' समिति स्रोतले भन्यो, 'धितो रहेको जग्गामा बैंकको नै अधिकार हुन्छ । तर, कर्जा असुल भएर बढी हुने रकम समितिमा जग्गा गर्न सहयोग गर्नका लागि २०८० असोजमा नै राष्ट्र बैंकलाई आग्रह गरे पनि अहिलेसम्म त्यसको जवाफ आएको छैन ।'

**कति पर्‍यो मागदाबी ?**

समितिमा सहकारी समस्याग्रस्त घोषणा भएर आएपछि समितिले बचतकर्ताको मागदाबीका लागि आवेदन माग गरेको थियो । ३ वैशाख २०८१ सम्म ३४ हजार ६ सय बचतकर्ताको ९ अर्ब ६४ करोड रुपैयाँको मागदाबी गरेको समितिले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# एमसीसीको पहिलो ठेक्का लाग्यो, ३९ महिनाभित्र न्यु-बुटवल सबस्टेसन निर्माण हुने

काठमाडौं/एमसीए-नेपालले अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अनुदानमा बन्ने न्यु-बुटवल सबस्टेसन निर्माण गर्न ठेक्का सम्झौता गरेको छ । यो एमसीसी परियोजना अन्तर्गत निर्माणसम्बन्धी पहिलो ठेक्का हो ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा निर्माण हुने ४०० केभी न्यु-बुटवल सबस्टेसन निर्माण गर्न लिंकसन इन्डिया प्रालिसँग एमसीए-नेपालले बिहीबार ठेक्का सम्झौता गरेको हो । सम्झौता अनुसार सबस्टेस निर्माण ३९ महिनाभित्र सम्पन्न गर्नुपर्ने छ । सबस्टेसनका तीन लटमध्ये दोस्रो लटको यो आयोजना निर्माणका लागि पाँचवटा कम्पनी इच्छुक थिए । त्यसमध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने लिंकसन इन्डियाले यो परियोजना ३ करोड ९७ लाख अमेरिकी डलर (करिब सवा ५ अर्ब रुपैयाँ) मा यो ठेक्का हात पारेको हो ।

नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्प्सन, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ्ल गायतको उपस्थितिमा नवलपरासीमा आयोजित कार्यक्रममा एमसीए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र लिंकसन इन्डिया प्रतिनिधिले हस्ताक्षर गरे ।

कार्यक्रममा राजदूत थम्प्सनले नेपालको ऊर्जासम्बन्धी आवश्यकता सम्बोधन गर्न कम्प्याक्ट उपयोगी रहेको र यसको निर्माण सुनिश्चित गर्न अमेरिकी सरकार नेपाल सरकारसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताए ।

'घरेलु उपभोग, विस्तारित व्यापारिक, औद्योगिक संस्थाहरू तथा सीमापार विद्युतीय व्यापारका लागि भरपर्दो एवम् धान्न सकिने विद्युत् उपलब्ध गराइरहेको विद्युत् प्रसारण क्षमतामा यस ४०० केभी न्यु -बुटवल सबस्टेसनले सुधार ल्याउने छ,' उनले भने ।

यो सबस्टेसन विद्युत् प्राधिकरणको प्राथमिकता प्राप्त संरचना रहेको कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । यो सबस्टेसनले सीमापार ऊर्जा व्यापारमा उल्लेख्य योगदान गर्ने तथा विद्यमान २२० केभी सबस्टेसनलाई सघाउने पनि उनले बताए ।

कार्यक्रममा एमसीए-नेपालका कार्यकारी निर्देशक विष्टले एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनका क्रममा भइरहेका समष्टिगत प्रगतिबारे जानकारी गराए ।

'एमसीए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गत प्रसारण लाइन र सबस्टेसनहरूको निर्माण सम्बन्धी सम्पूर्ण कार्यलाई तीव्रतापूर्वक अगाडि बढाइरहेको छ,' उनले भने ।

एमसीए-नेपालले यो परियोजना अन्तर्गत तीनवटा सबस्टेसन निर्माण गर्दैछ । बाँकी दुई सबस्टेसन नुवाकोट रातमाटे र तनहुँ दमौलीमा निर्माण हुँदैछन् । यी दुई सबस्टेसन निर्माण गर्न पनि प्राविधिक रूपमा योग्य ठेकेदारले पेस गरेको वित्तीय प्रस्ताव खोलिसकिएको छ । बाँकी दुई सबस्टेसन निर्माण सम्बन्धी सम्झौतामा हस्ताक्षरका लागि अन्तिम तयारी रहेको विष्टले जानकारी दिए ।

एमसीए-नेपाल सञ्चालक समितिको फागुन २०८० मा बसेको बैठकले सीमापार ऊर्जा व्यापारलाई समयमै अगाडि बढाउन न्यु-बुटवल-गोरखपुर विद्युत् प्रसारण लाइनको नेपाली क्षेत्रमा पर्ने १८ किलोमिटर अंश निर्माण तत्काल अगाडि बढाउने निर्णय गरेको थियो । त्यसअनुसार उक्त खण्डको बोलपत्र आह्वान भइसकेको छ ।

एमसीए-नेपालले यसअघि नै विद्युत् प्रसारण लाइनको टेन्डर खोलेको थियो । तर, कम्पनीहरूले गरेको प्रस्तावित मूल्य एमसीएको लागत अनुमानभन्दा ६६ प्रतिशत उच्च भएपछि टेन्डर प्रक्रिया २६ असोज २०८० मा सम्पूर्ण रूपमा रद्द गरिएको थियो ।

त्यसमध्ये बुटवल-गोरखपुर १८ किलोमिटर प्रसारणलाइनलाई प्राथमिकतासाथ निर्माण गर्ने निर्णय एमसीए-नेपालको बोर्डले गरेको छ । सोहीअनुसार एमसीएले २ चैत २०८० मा उक्त खण्ड निर्माणका लागि टेन्डर आह्वान गरेको थियो ।

बाँकी २ सय ९७ किलोमिटर प्रसारणलाइन परियोजनाका लागि यही वर्ष (सन् २०२४) भित्र नयाँ टेन्डर खुलाउने तयारी रहेको एमसीए-नेपालले जनाएको छ ।

'एमसीए-नेपालले अर्थ मन्त्रालय र एमसीसीको सहयोगमा २ सय ९७ किलोमिटर खण्डको पुन: टेन्डरका लागि आवश्यक काम गरि रहेको छ,' उसले केही समयअघि संचारकर्मीलाई उपलब्ध गराएको लिखित उत्तरमा भनेको छ, 'त्यो ठेक्का प्रक्रियाको पुन: डिजाइन गर्ने र पुन: सुरुवात एक प्राविधिक प्रक्रिया हो ।

*(स्रोत: अनलाइनखबर)*

# 'वर एण्ड वधु'मा ५ इन्चको हिल लगाएर आँचलको एक्सन

काठमाडौं/केही समय अगाडि अभिनेत्री आँचल शर्माले सामाजिक सञ्जालमा एक्सन सिकिरहेको भिडियो सेअर गरेकी थिइन् । त्यसले उनको एक्सन फिल्ममा काम गर्ने भोक दर्शाएको थियो । अन्तत: उनको त्यो इच्छा फिल्म 'वर एण्ड वधु'मा पूरा भएको छ । झन्डै डेढ वर्ष अड्किएर यही बैशाख पहिलो साताबाट दोस्रो चरणको छायांकन सुरु गरिएको फिल्ममा बिहीबार उनको एक्सन दृश्य खिचियो ।



आँचलले फरक शैलीमा एक्सन गरेकी छन् । ५ इन्च अग्लो हिल जुत्ता र फेन्सी पहिरन (वान पिस) लगाएर उनले एक्सन गरेकी हुन् । छायांकन सेटबाट प्राप्त एक तस्वीरमा उनलाई सुटबुटमा ठाटिएका भिलेनहरुसँग भिडिरहेको देख्न सकिन्छ । उनले छरितोसँग एक्सन गरेको फिल्मका द्वन्द्व निर्देशक हिमाल केसीले जानकारी दिए । उनले आँचलमा राम्रो एक्सन गर्न सक्ने खुबी देखेका छन् ।

हिमालले भने- 'आँचलको काम गर्ने शैली मलाई साँच्चै गजब लाग्यो । एक्सनमा उनले जुन तरिकाले काम गरिन्, त्यसले उनी सोलो एक्सन फिल्ममा पनि काम गर्न सक्छिन् भन्ने देखाउँछ ।' बिहीबार आँचलसँगै फिल्मका अभिनेता विवेक कर्माचार्यको पनि एक्सन दृश्य खिचिएको थियो । विवेकको एक्सन देखेर दर्शकहरु दंग पर्ने हिमालको दाबी छ । विवेकको 'वर एण्ड वधु' डेब्यु फिल्म हो ।

मिलन चाम्सको निर्देशनमा तयार भैरहेको फिल्ममा किरण केसी, कुशुम शर्मा, हिमेश पन्त, सृष्टि खड्का लगायतको पनि अभिनय छ । फिल्मको अझै एक साताभन्दा बढी समय छायांकन हुने चाम्सले बताए । एलआरके इन्टरटेन्मेन्टको ब्यानरमा तयार भैरहेको फिल्मका कार्यकारी निर्माता डाक्टर अमित रिजाल हुन् । यो फिल्मको पहिलो चरणको छायांकन भने रोमानियामा गरिएको थियो ।

**'वर एण्ड वधु'मा गरिमा शर्माको प्रवेश**

'वर एण्ड वधु'मा तीन शर्मा अभिनेत्री एकसाथ देखिने भएका छन् । आँचल र कुशुमपछि फिल्मको विशेष भूमिकामा गरिमा शर्मा भित्रिएकी छन् । उनले बिहीबार फिल्मको सेट 'ज्वाइन' गरिन् । उनको भूमिकाबारे निर्माण टिमले जानकारी गराएको छैन । तर, उनको उपस्थिति अर्थपूर्ण रहने जनाइएको छ । गरिमाको डेब्यु फिल्म 'लण्डन टू पेरिस' भने आगामी जेठ २५ गते रिलिज हुँदैछ ।

# 'सिकन्दर'मा सलमानको जोडी रश्मिका

एजेन्सी, काठमाडौं/सन् २०२३ मा आएको फिल्म 'टाइगर ३'पछि अब बलिउड सुपरस्टार सलमान खान नयाँ फिल्म 'सिकन्दर'मा देखिँदैछन् । 'किक' निर्माता साजिद नाडियाडवालाको निर्माणमा बन्न लागेको फिल्मलाई ए.आर. मुरुगदासले निर्देशन गर्दैछन् । उनले यसअघि 'गजनी' निर्देशन गरेका थिए । आगामी वर्ष अर्थात् सन् २०२५ को इदमा रिलिजको तयारी गरिएको फिल्ममा अब मुख्य अभिनेत्रीको पनि टुंगो लागेको छ ।



'सिकन्दर'मा सलमानसँग अभिनेत्री रश्मिका मन्दानाको जोडी बाँधिने भएको छ । निर्माण कम्पनी नाडियाडवाला ग्रान्डसन इन्टरटेनमेन्टले बिहीबार एक वक्तव्य जारी गर्दै फिल्ममा रश्मिकाको प्रवेशबारे पुष्टि गरेको हो । उनले पहिलोपटक सलमानसँग काम गर्न लागेकी हुन् । उनले 'सिकन्दर'को हिस्सा बन्न पाउँदा गर्व महसुस भएको सामाजिक सञ्जालमा उल्लेख गरेकी छन् ।

'पुष्पा' र 'एनिमल'को सफलतापछि रश्मिकाको बलिउड र साउथ फिल्ममा उच्च माग छ । 'गुडबाय'बाट बलिउडमा डेब्यु गरेकी उनको 'पुष्पा २' रिलिजको तयारीमा छ । तेलुगू फिल्म 'डियर कमरेड'पछि भारतमा 'नेशनल क्रस'को रुपमा चिनिएकी रश्मिका 'सिकन्दर'मा भित्रिएपछि दर्शकमा फिल्मको पखाई बढेको छ । एक्सन प्रधान रहने यो फिल्मको छायांकन सुरु भइसकेको छ ।

# 'पूजार सार्की'मा 'स्क्रिन टाइम' थोरै होला तर भूमिका महत्वपूर्ण छ : पल

काठमाडौं/लभर ब्वाईको छवि बनाएका अभिनेता पल शाहले फिल्म 'पूजार सार्की'मा पहिलोपटक फरक चरित्रमा काम गरेका छन् । जातीय विभेद अन्त्यका लागि विद्रोह गर्ने पात्रको भूमिकामा उनी छन् । यसलाई उनको छवि बदल्ने अवसरको रुपमा हेरिएको छ । यसै साता सार्वजनिक भएको ट्रेलरले पनि उनको चरित्रबारे प्रकाश पार्छ । तर, ट्रेलरमा उनलाई अर्का दुई अभिनेता आर्यन सिग्देल र प्रदीप खड्काको तुलनामा कम 'स्क्रिन स्पेश' मिलेको छ ।

ट्रेलरमा कम 'स्पेश' दिएकोमा उनका प्रशंसकले असन्तुष्टि जनाएपछि पलले स्पष्टिकरण दिँदै फिल्ममा आफ्नो 'स्क्रिन टाइम' थोरै भए पनि महत्वपूर्ण भूमिका रहेको जनाएका छन् । प्रशंसकका प्रतिक्रिया र गुनासाहरु आफूले हेरिरहेको बताउँदै उनले बिहीबार फेसबुकमा लेखेका छन्, 'फिल्ममा मेरो छोटो भूमिका रहेको भन्ने फ्यानहरुको गुनासोबारे म यो प्रष्ट पार्न चाहन्छु कि यो फिल्ममा मेरो 'स्क्रिन टाइम' केही मात्रामा थोरै होला तर अन्य कलाकारहरुको जस्तै महत्त्वपूर्ण भूमिका भने रहेको छ ।'

निर्देशकको दृष्टिकोणबाट ट्रेलरमा आफूलाई दिएको स्थान सृजनशील र कौतुहलता जगाइराख्ने प्रकृतिको रहेको उनको बुझाई छ । उनले फिल्ममा आफूले निकै फरक, जटिल र महत्त्वपूर्ण भूमिकामा अभिनय गरेको समेत जनाएका छन् । उनी 'पूजार सार्की' आफ्नो लागि महत्वपूर्ण मान्छन् । फिल्ममा उनले मेघराज खत्रीको पात्रमा अभिनय गरेका छन् ।

दिनेश राउतले निर्देशन तथा विकास सुवेदीको लेखन रहेको फिल्ममा अञ्जना बराइली र परीक्षा लिम्बूको पनि मुख्य भूमिका छ । मोहन निरौला, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शंकर आचार्य, प्रेम सुब्बा लगायतको पनि अभिनय रहेको फिल्मका निर्माता सुभाष भुसाल हुन् । यो फिल्म आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउँदैछ ।

# रकाशपछि 'पूर्ण बहादुरको सारङ्गी'मा जोडिए मुकुन

काठमाडौं/अन्तर्राष्ट्रिय बजारमा नेपाली फिल्मको वितरण गर्दै आएको कम्पनी सेभेन सीज इन्टरटेन्मेन्टको निर्माणमा बन्न लागेको पहिलो फिल्म 'पूर्ण बहादुरको सारङ्गी'मा कलाकारको 'लाइनअप' रोचक बनिरहेको छ । फिल्मको मुख्य भूमिकामा गायक तथा अभिनेता प्रकाश सपूत अनुबन्ध भइसकेका छन् भने अब अर्का अभिनेता मुकुन भुषालको पनि प्रवेश भएको छ । निर्माणपक्षले मुकुनसँग केही दिनअघि मात्रै लिखित सम्झौता गरेको हो ।

डेब्यु फिल्म 'बुलबुल'मा चोपेन्द्रको भूमिकामा गरेको अभिनयबाट चर्चामा आएका मुकुनले 'पूर्ण बहादुरको सारङ्गी'मा आफ्नो भूमिका पृथक रहेकोले दर्शकलाई मनपर्ने विश्वास व्यक्त गरेका छन् । उनले भने- 'एउटा कलाकारमा फरक चरित्रको भोक सधैं र हन्छ । मैले यसमा पाएको भूमिका साँच्चिकै विशेष छ । फिल्मलाई लिएर उत्साहित छु ।'

सरोज पौडेलको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मको आगामी जेठ दोस्रो साताबाट छायांकन सुरु हुँदैछ । फिल्मलाई आगामी वर्ष (२०८२)मा प्रदर्शनको लक्ष्य राखिएको छ । फिल्ममा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्मातामा छन् भने रमेश चौलागाईं र हरि श्रेष्ठ कार्यकारी निर्माता हुन् । महेश दवाडीको पटकथा तथा संवाद लेखन रहेको फिल्ममा प्रशान्त सिवाकोटीको संगीत रहनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# उपमहानगरद्वारा दुई वडामा योजना तर्जुमा

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको चरणमा रहेको हेटौंडा उपमहानगरले जनस्तरबाटै सुरु गरेको सुझाव संकलन गरिहेको छ ।

उपमहानगरको विकास र समृद्ध उपमहानगर बनाउँनका लागि जनस्तरबाटै सुझाव संकलन गरिरहेको हेटौंडाले बिहीवार एकैदिन दुई वडामा कार्यक्रम गरेको छ । पालिकाले हेटौंडाको २ र १९ नम्बर वडामा जनताबाटै आएको सुझाव अनुसार नगरको आगामी विकास गति निर्धारण हुने जनाएको छ । वडातहबाटै आएको माग अनुसार काम गर्दा नगरको विकासमा सबैको भावना समेटिने भएकाले १९ वडामा योजना संकलनको काम गरिएको उपमहानगरले जनाएको छ । स्थानीय पालिकाको बजेट निर्माणपूर्व ७ चरणमा छलफल र समन्वय गर्नुपर्ने नीतिअनुसार उपमहानगरको नेतृत्व सहित सबै वडामा पुग्ने बताइएको छ ।

आउँदो वर्षका लागि बन्ने बजेटमा स्थानीयस्तरबाटै बजेटबारे योजना निर्माणका लागि सुझाव संकलन गर्ने गरी अघि बढिएको सामाजिक विकास महाशाखाप्रमुख भीमप्रसाद तिमल्सिनाले बताए ।



उपमहानगरले वडाको राजश्व संकलनको क्षमतालाई ध्यान दिँदै बजेट व्यवस्थापन गर्ने सोच राखेको जानकारी दिँदै राजश्व संकलनलाई प्राथमिकतामा राखेर काम गर्न सुझाव दिइको छ । २ र १९ नम्बर वडामा भएको सुझाव संकलनमा स्थानीयले ढल व्यवस्थापन, सडक सार्वजानिक, शैक्षिक गुणस्तर सुधार, शिक्षा, सहकारी, विद्युत पोल व्यवस्थापनको कामलाई अघि बढाउ जरुरी रहेको बताएका थिए ।

हेटौंडा-२ का माधब न्यौपानेले उपमहानगर जानेआउँने मुख्य सडक क्षेत्रको मानसचोक खण्डको अवस्था लाजमर्दो भएको बताए । हेटौंडा आउँनेले मुख्य रुपमा देख्ने चोकको अवस्थाले हेटौंडाको अवस्थालाई चित्रण गर्ने भएकाले व्यवस्थापन गर्न आग्रह गरे । उनले देशभरबाट आउँने मानिसको नजरमा पर्ने वडाको पूर्वाधार विकास प्रकृतिमैत्री र व्यवस्थित हुन जरुरी रहेको बताए । सडकको कालोपत्रे भत्किएको छ, बनेको सडकमा ढल, सडक छेउमा हुनुपर्ने सुन्दरता नभएको उनको भनाई थियो ।

त्यस्तै हेटौंडा-१९ का अञ्जु पण्डितले महिला लक्षित बजेट निर्माणमा ध्यान दिन आग्रह गरिन् । उनले कृषक, एकल महिलासहित घरमा काम नपाएर बसिरहेका महिलालक्षित गर्दै जीवनस्तर सुधारका लागि आयआर्जनमा जोडाउन जरुरी रहेको बताइन् । त्यस्तै स्थानीयले वडाभर रहेका विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि योजना बनाउँन जरुरी रहेको बताए । साबिकको गाउँपालिका भएकाले बजेट बितरणमा ध्यान दिन स्थानीयले आग्रह गरे ।

**नयाँ बजेट शिक्षा र स्वास्थ्य केन्द्रित हुन्छ:-नगरप्रमुख लामा**

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले नयाँ आउने बजेटले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्ने बताएकी छन् ।

हेटौंडाको २ र १९ नम्बर वडाको सुझाव संकलमा अब सडक निर्माण, स्ल्याव ढलान जस्ता पूर्वाधार निर्माणको कामलाई कटौंती गर्दै शिक्षा र स्वास्थ्य केन्द्रित बजेट निर्माणको तयारी उपमहानगरले काम गरेको बताइन् । 'पूर्वाधारको क्षेत्रमा खर्चै नगर्ने भन्ने होइन, प्राथमिकताका आधारमा पर्छन् तर, अब शिक्षा र स्वास्थ्य प्राथमिकतामा पर्छ ' उनले भनिन् ।

उपमहानगको कामलाई दिगो ढंगबाट अघि बढाउने योजना रहेको बताइन् । उनले तत्कालीन नगरक्षेत्रमा रहेका ११ वडामध्ये पछि थपिएका वडालाई विकासको गतिमा लैजाने गरी बजेट व्यवस्थापन हुने जानकारी दिइन् । २ नम्बर वडाको कार्यक्रममा उपप्रमुख राजेश बानियाँले नगरको विकासलाई व्यवस्थित ढंगले गर्नका लागि निर्वाचित भएकामाथि अनावश्क तनाव दिने काम भएको बताए । काम सुरु हुनासाथै अख्तियारमा उजुरी दिने प्रबृत्तिले विकासको गतिलाई रोकेको बताए । उनले नगरको विकासलाई ध्यान दिएर गर्ने काममा कुनै कसर बाँकी नराख्ने बताए ।

हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन र १९ का अध्यक्ष नरनाथ सुबेदीको अध्यक्षतामा भएका कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधि, दुबै वडाका जननिर्वाचित प्रतिनिधि, हेटौंडा उपमानगरका निमित्तप्रमुख प्रशासकीय अधिकृत सीताराम कोइराला, विद्यालयका प्रधानाध्यापक, टोल विकास संस्थाका प्रतिनिधि, बालसमूहका संयोजकको सहभागिता रहेको थियो ।


## शिक्षक आवश्यकता

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर, हेटौंडा मिति २०८१/०१/१७ च.नं. १६६० को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/२७ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपशिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपूर्तिको लागि इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान सहित विज्ञापन प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१/०१/२६ | प्रा.शि. | राहत (करार) | १ | |

२. शैक्षिक योग्यता: प्रविनता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
५. तलब भत्ता : नेपाल सरकारको राहत कोटाको लागि ताकिएको बमोजिम ।
६. दरखास्त दस्तुर : नगद रु १०००।- (एक हजार मात्र) निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति : २०८१/०२/०३ गते करारको लागि विद्यालय समय भित्र ।
: २०८१/०२/११ गते खुल्लाको लागि
९. सम्पर्क मिति : २०८१/०१/२८ गते करार, २०८१/०२/१३, १० बजे पछि (खुल्ला)
१०. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
११. आवश्यक कागजात
क) हस्तलिखित निवेदन १ प्रति ।
ख) शैक्षिक योग्यताको र चारित्रिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।
ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।
घ) स्थायी अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि २ प्रति ।

नोट: शिक्षक सेवा आयोगको करार सूचीमा परेकाहरुको हकमा योग्यता क्रमको आधारमा विज्ञापन भएको ७ दिनभित्र मात्र दरखास्त दर्ता गरी नियमअनुसार नियुक्ति गरिनेछ । उक्त ७ दिनभित्र करार सूचिमा सुचिकृत उम्मेदवारको दरखास्त दर्ता नभएमा खुल्ला उम्मेदवारहरुको लागि शिक्षा नियमावली २०५९ को नियम ९७ सहितको प्रक्रिया पूरा गरी नियुक्ति गरिनेछ ।

**श्री मदन आश्रीत प्राथमिक विद्यालय**
मनहरी-५, मकवानपुर
**सम्पर्क नं.** : ९८४५१२४१२३ (प्र.अ.), ९८४५१७७०६ (वि.व्य.स. अध्यक्ष)



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

## जनहितमा जारी सन्देश !

बालबालिकाहरुलाई विभिन्न रोगहरुबाट बचाउन जन्मेदेखि १५ महिना सम्मको उमेरमा १३ वटा रोगहरु विरुद्धका खोपहरु नेपाल सरकारबाट नि:शुल्क उपलब्ध हुन्छ । बालबालिकालाई उमेर अनुसार लगाउनु पर्ने सबै खोपहरु पुरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा संक्रामक रोगहरुबाट बचाउन सकिन्छ ।

तसर्थ, १५ महिना उमेर भित्रमा लगाउनु पर्ने सबै खोपहरु समयमै पुरा गराऔं । १५ महिनामा लगानुपर्ने दादुरा रुवेला दोस्रो मात्रा र टाईफाइड लगायतका खोपहरु छुट भएको भए नजिकको खोप केन्द्रमा लगि सबै खोपहरु तोकिएको उमेरमा पूरा गराऔं । पूर्ण खोप लिएमा मात्र बालबालिकालाई रोगहरुबाट सुरक्षित राख्न सकिन्छ ।

खोपहरु लगाए पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं । खोप सम्बन्धी कुनै जानकारी आवश्यक परेमा नजिककै स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, म.स्वा.स्वय.से.वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं याद गर्नुहोस । जन्मे देखि १५ महिना सम्मको उमेरमा लगाउनुपर्ने सबै खोपहरु पूरा गराए मात्र बालबालिकालाई स्वास्थ्य राख्न तथा सक्रामक रोगबाट बचाउन सकिन्छ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय मकवानपुर**


सार्वजनिक सुनुवाइ

# विपद्का घटनाबाट बचाउन गढीबासीको याचना

साझाकुरा संवाददाता



हेटौंडा, २७ वैशाख/ मकवानपुरगढी गाउँपालिकामा स्थानीयस्तरमा हुने गरेका आगलागी, चट्याङ, बाढी, पहिरो जस्ता विपद्जन्य घटनाका विषयमा सार्वजनिक सुनुवाइ भएको छ ।

मकवानपुरगढी गाउँपालिका-६ भालुखोलामा आयोजित कार्यक्रममा उपस्थित स्थानीयले विपद्बाट बचाउन सरकारसँग याचना गरेका छन् । विपद्बाट जोगाउनका लागि बागमती प्रदेशका सांसद, मन्त्री तथा स्थानीय तहका जनप्रतिनिधिसँग आग्रह गरेका हुन् । मकवानपुरगढीमा हेटौंडाको शिवम सिमेन्ट र हेटौंडा सिमेन्ट उद्योगको खानीमा जथाभावी उत्खनन् गरेका कारण पनि बाढीपहिरोका घटना बढ्दै गएको पूर्वजनप्रतिनिधि समेत रहेका स्थानीय टीका दाहालले गुनासो गरे ।

बिशेषगरी मकवानपुर गढीको बुङदल, सोलिथुमको चुहार लगायत क्षेत्रमा निकै चट्याङका घटना हुने गरेको स्थानीयको गुनासो थियो । खोलामा निर्माण हुन लागेको पुल समयमा नबन्दा पनि वर्षायाममा भेलले गाउँलाई असर गर्ने मकवानपुरगढी-५ का अर्जुन न्यौपानेले बताए । जनपत्र मिडिया प्रालिको आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा सार्वजनिक सुनुवाई भएको हो ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले आगालागी, वन डढेलो जस्ता सवालमा व्यवस्थापन नै प्रमुख रहेको बताए । सार्वजनिक सुनुवाइलाई संबोधन गर्दै उनले वन जोगाउन हिजो जनतामा जुनप्रकारको जनचेतना/चासो देखिन्थ्यो आज त्यो नरहेको बताए । अहिलेको अवस्थामा दैवीप्रकोपबाट जोगाउने विषयमा बेवास्ता बढेकोले चुनौती थपिएको उनको भनाई छ ।

'नियन्त्रणको लागि अब सचेतना बढाउनुको अर्को विकल्प छैन । पर्या-पर्यटनालाई जोगाउनु पर्छ । यसमा जनताको चासो र चिन्ता चाहिन्छ । पहिरो नियन्त्रण सम्भव छ । यि सवालमा विज्ञसँग छलफल गरेर आगामी बजेटबाट सम्बोधन गर्न प्रदेश सरकार तयार छ ।,' आर्थिक मामिलामन्त्री थपलियाले भने ।

बागमती प्रदेशका वन तथा वातावरण मन्त्री केशवप्रसाद पोखेलले विपद्बाट बचाउँदै जिउधनको सुरक्षा गर्ने जनप्रतिनिधिको काम रहेको बताए । बजेट र योजना बनाउने बेलामा जनताको गुनासा सुन्न पाउनु उपयुक्त योजनालाई समेट्न सजिलो हुनु रहेको उनले बताए । आगलागी नियन्त्रणको लागि पूर्वतयारी आवश्यक भएको आभाष भएको मन्त्री पोखेलले बताए ।

प्रदेशको कूल भूभागको ५३ प्रतिशत जनिम वनले ढाकेको बताउँदै उनले भने, 'वनलाई आर्यआर्जनसँग जोड्न र वनको काठ प्रयोग गर्न प्रदेश सरकारले यसअघि (चैत्र २० गते) नै स्वदेशी काठमात्रै प्रयोग गर्ने निर्णय गरिसकेको छ । वनमा डढेलो लाग्नै नदिन र वनलाई जनजीविकासँग प्रदेश सरकारलाई दवाब पुगेको छ । स्थानीय समूह, स्थानीय सरकार प्रदेश सरकार र संघीय सरकारको समन्वयमा यस्ता विपद रोक्नको लागि सहकार्य गर्नुपर्छ ।,'

बागमती प्रदेशसभाका सदस्य भारती पाठकले वन डढेलोले मानवीय क्षतिको समेत जोखिम बढेको बताएकी छन् । वनमा डढेलो लाग्न नदिन सचेत हुनुभन्दा लार्पवाही बढी हुन थालेको प्रदेश सांसद पाठकले बताइन् । यसको बारेमा बहस हैन पूर्वतयारी आवश्यक रहेको बताएकी छन् । वनको काठ, जडिबुटी नष्ट भएको उनको भनाई छ । वन जोगाउन जनचेतनासँगै सीप पनि चाहिएको पाठकले सुनाइन् ।

बागमती प्रदेशसभाका सदस्य लक्ष्मी श्रेष्ठले सबैले आ-आफ्नो स्थानबाट विपदबाट बच्न ध्यान दिनुपर्ने बताइन् । बागमती प्रदेश र मकवानपुर जिल्लामा समेत विपद्का घटना धेरै भएकाले यसको पूर्वतयारीमा लाग्न सरकारले ध्यान दिनुपर्ने बताइन् ।

कार्यक्रममा मागमती प्रदेशसभा सदस्य बिन्दु श्रेष्ठ, सकुन्तला श्रेष्ठ, बालकुमारी विश्वकर्मा, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, निवर्तमान अध्यक्ष बिदुर हुमागाई, वडा नम्बर-६ का अध्यक्ष कृष्ण बजगाईले विपद्बाट हुने जोखिम नियन्त्रणका लागि सबै एक भएर लाग्नुपर्ने बताए । कार्यक्रम जनपत्र मिडिया प्रालिका अध्यक्ष हरि हुमागाईको अध्यक्षतामा भएको हो ।


हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३



**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल ।**

*प्रथम पटक प्रकाशित मिति:२०८१/०१/२८*

यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र उपमहानगरपालिकाले आ.व.२०८१/८२ को लागि तपशिल बमोजिमको कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्व:घोषणा पत्रको प्रतिलिपिहरुसहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| सि.न. | ठेक्का नं. | ठेक्काको किसिम | आय संकलन गर्ने दररेट (मू.अ.क. समेत) | न्युनतम अंक (मू.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | HSMC/Rajaswa/ 04/2081/82 | सार्वजनिक शौचालय शुल्क संकलन | ● दिशा गर्दा रू. १०।०० ● पिसाब गर्दा रू. ५।०० | २१,०१,०००।०० | ३,०००।० | मु.अ.कसमेतको कबोल अंकको ५% | मिति २०८१/२/२७ गते कार्यालय समयसम्म। |
| २. | HSMC/Rajaswa/ 05/2081/82 | पशु हाटबजार सेवा शुल्क संकलन | ● गाई, गोरु, भैंसी, रांगा प्रतिगोटा रु. २००।०० ● सुंगुर, वंगुर प्रतिगोटा रु.५०।०० ● खसी, बोका प्रतिगोटा रु.२५।०० ● कुखुरा, हांस तथा पंक्षीजन्य प्रति गोटा रू. ०।५० | ७,१५,०००।०० | १,०००।० | मु.अ.कसमेतको कबोल अंकको ५% | मिति २०८१/०२/११ गते कार्यालय समयसम्म। |

१. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट www.hetaudamun.gov.np बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको सूचना पाटीमा समेत टांस गरिएकोछ।
२. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ

**प्रमुख प्रशासकीय अधिकृत**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना